# रोहिणी राजपत्र

## रोहिणी गाउँपालिका, रुपन्देही द्धारा प्रकाशित

**खण्ड -६ रोहिणी गाउँपालिका, माघ ०५ गते,२०७९ साल संख्या ९**

**भाग-१**

**स्थानीय सरकार**

**रोहिणी गाउँपालिका,रुपन्देही**

रोहिणी गाउँपालिकाको बाह्रौ गाउँ सभाले बनाएको तल उल्लेख भए बमोजिमको " रोहिणी गाउँपालिकामा साविक स्थानीय निकायवाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९" स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**२०७९ सालको ऐन नं.३**

**ऐनको नामः** " रोहिणी गाउँपालिकामा साविक स्थानीय निकायवाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९"

**प्रस्तावनाः**

साविक स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम स्थायी नियुक्ती भई साविक स्थानीय निकाय **गा.वि.स.,नगरपालिका तथा जि.वि.स.**मा कार्यरत रही कर्मचारी समायोजन अध्यादेश-२०७५,कर्मचारी समायोजन ऐन-२०७५,एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह रोहिणी गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भई कर्मचारी समायोजन ऐन,२०५५को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रोहिणी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नामः "**रोहिणी गाउँपालिकामा साविक स्थानीय निकायवाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९" रहेको छ।**

(२) यो ऐन गाउँसभावाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

**(ख)** "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनुपर्छ ।

**(ग)** "**कर्मचारी**" भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुवाट **रोहिणी गाउँपालिकामा समायोजन** भएका स्थायी कर्मचारी सम्झनुपर्छ ।

**(घ)** "**स्थानीय तह**" भन्नाले रोहिणी गाउँपालिकालाई सम्झनुपर्छ ।

**(ङ)** "**स्थानीय निकाय**" भन्नाले स्थानीय शासन ऐन २०५५ तथा स्थानीय **स्वायत्त** शासन नियमावली २०५६ बमोजिम गठन भएका साविकका गाउँ विकास समिति,नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनुपर्छ ।

**(च)** "**न्युनतम शैक्षिक योग्यता**" भन्नाले तहवृद्धि हुने तह भन्दा एक तह मूनीको पदको शैक्षिक योग्यता सम्झनुपर्छ ।

**(छ)** "**प्रमुख प्रशासकीय अधिकृत** "भन्नाले रोहिणी गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

**(ज)** "**समायोजन**" भन्नाले साविक स्थानीय निकायबाट रोहिणी गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीलाई सम्झनुपर्छ ।

**(झ)** "**प्रोत्साहन सुविधा**" भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय तह रोहिणी गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनुपर्छ ।

## ३. संगठन संरचना तथा कर्मचारी दरवन्दीः

१. स्थानीय तहमा सेवा प्रवाहका लागी आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरवन्दी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

## ४. प्रोत्साहन सुविधा उपलब्ध गराउनेः

(१) यो ऐन प्रारम्भ हुदाँको बखत यस दफाको उपदफ (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिमको स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने स्तर/ तह | अन्य प्रोत्साहन |
|---|---|---|---|
| **सहायक स्तर चौथो** | ५ बर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ बर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | चौथो तहमा ५ बर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको । | सहायक स्तर पाँचौ तह | - - |
| **सहायक स्तर पाचौ** | ५ बर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | २ ग्रेड थप |
| | पाचौ तहमा ५ बर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | पाचौ तहमा ५ बर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको । | अधिकृतस्तर छठौ तह | - - |

**(६)** सेवा अवधि गणना गर्दा सम्बन्धित पदमा शुरु नियुक्ती भएको वा बढुवा नियुक्ती भएको मितिवाट ५बर्ष पुगेको अवधिलाई गणना गरिनेछ ।

**(७)** यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तरवृद्धि वा तह बृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाई उक्त सुविधा लिन यो ऐन जारी भएको ७ दिन भित्र गाउपालिकाले ७ दिनको म्याद दिई दरखास्त दिन सूचना प्रकाशन गर्नेछ ।

**(८)** यस ऐन बमोजिम कर्मचारीको स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको लागी सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

**क.** प्रमुख प्रशासकीय अधिकृत - संयोजक

**ख.** आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

**ग.** प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(९) उपदफा ७ बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा दफा ८ बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको १५ दिन भित्र गाउँपालिकाले प्रोत्साहन सुविधा सम्बन्धी पत्र (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउनेछ ।

(१०) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकत्तम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराईनेछ ।

## ५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउनेः

(१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ ।

(२) दफा ४ को उपदफा १ बमोजिम स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लुम्बिनी प्रदेश र प्रदेश लोक सेवा आयोग लुम्बिनीलाई दिनु पर्नेछ ।

## ६. यसै ऐन बमोजिम हुनेः

यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ७.जेष्ठता गणनाः

(१) यस ऐनको दफा ४ बमोजिम तह बृद्धि/स्तर बृद्धि पाउने कर्मचारीको जेष्ठता, कर्मचारी समायोजन ऐन,२०७५को दफा ६को उपदफा ४ मा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा समायोजन भएको पत्रको मिति देखि जेष्ठता कायम गरी गणना गरिनेछ ।

## ८.विविधः

स्थानीय तहमा समायोजन भएका साविकका स्थानीय निकायका कर्मचारीको सम्बन्धमा नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले छुट्टै कानूनी व्यवस्था गरेमा सोही वमोजिम हुनेछ ।

## ९.खारेजी र वचाउः

(१) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ ।

(२) यो ऐन लागु भए पछि रोहिणी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन,२०७८ खारेज हुनेछ ।

(३) यो ऐन नेपाल कानुन तथा प्रदेश कानुन र अन्य प्रचलित नेपाल कानुन संग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।